# मिसन न्यूज

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक

www.missionenews.com

घरेलु हिंशाको जघन्य प्रकार,
सवै मिली गरौं यसको
प्रतिकार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

वर्ष-३ | अंक-३३ | २०७५ फागुन २२ गते बुधबार | 6 March 2019 Wednesday | मूल्य रू. १०/-

## सुनथराली विमानस्थल कालोपत्रे काम सुरू

**मिसन न्यूज**

**कालीकोट-** २ बर्ष अघि माघ २९ गते कालिकोटको एक मात्र सुनथराली विमानस्थलमा पहिलो पटक जहाज अवतरण गर्दा जहाज चढ्ने धोको पुरा हुने सपना बोकेका कालीकोटबासीको जहाज चढ्ने इच्छा अव पूरा हुने भएको छ । तीन दशक लामो समयदेखि निर्माणाधीन सुनथराली विमान स्थलमा परिक्षण उडान भएपछि यहाँका स्थानीयले जहाज चढ्ने धोको पुरा हुने सपना देखेका थिए ।

बर्षौंसम्म जहाज चढ्न त के, नजिकबाट देख्न समेत नपाएका नरहरीनाथ गाउँपालिकाका स्थानीहरुले आँगनबाटै चीलगाडी चढ्न पाइने सपना अव पुरा हुने भन्दै खुसी व्यक्त गरेका छन् । झण्डै ३३ वर्ष लगाएर निर्माण गरिएको उक्त विमानस्थलमा २०७३ साल माघ महिना २९ गते परीक्षण उडान गरिएको थियो । तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाहीको पहलमा तारा एयरको जहाजले सफल अवतरण भएको थियो । जहाँजले सफल अवतरण गरेपनि २ वर्षदेखि अव विमान स्थलको काम हुर्दैन कि भनि निरास भएका यहाँका स्थानीय विमानस्थल कालोपत्रेको लागि स्काभेटर विमानस्थलमा पुगेपछि आफ्नो सपना साकार हुनेमा विश्वस्त भएका छन् । परीक्षण उडान सफल भएपछि



कोटवाडामा रहेको सुनथराली विमानस्थल ।

कोटवाडामा नियमित उडानको घोषणा भए पनि विमानस्थल कालोपत्रे नहुँदा नियमित उडान हुन सकेको थिएन । 'परार माघको महिना चीलगाडी गाउँमै आयो, हामी सबै हेर्न गएका थियौं' कोटवाडाकी जुना विष्टले भन्नुभयो, 'अव आफै चिलगाडि बस्नका लागी कालोपत्रेको काम गर्दै छौं । 'आँगनबाटै चढ्न पाउने भयौं हामी खुशी भएका थियौं, हाम्रो रहर अधुरै रहने हो की भन्ने चिन्ता थियो अव चिलगाडि चढ्न पाउने सपना साकार हुने भयो हामी जसरी भएपनि कालोपत्रे गर्छौं ।' विमानस्थल स्तरोन्नतीको ठेक्का गौरी पार्वती शंकर जेभीले लिएपछि काम तीव्र गतिमा सुरु भएको छ । विमानस्थल माथि रहेको भिरबाट गिट्टी बालुवा निकाल्ने काम भइरहेको स्थानीय संगिन भण्डाराले बताउनुभयो । १३ करोड ८६

**बाँकी ८ पृष्ठमा..**

## गाउँगाउँमा सडक

**मिसन न्यूज**

**कालीकोट –** तिलागुफा नगरपालिकाले चालु आर्थिक वर्षमा १० वडामा सडक पुर्उयाएको छ । विकासको पहिलो मेरुदण्ड सडक भएको ठहर गर्दै भौतिक पूर्वाधारको आधा रकम सडक निर्माणमा विनियोजन गरेको थियो । वडा नं २ रतडाबाहेक सबै वडामा सडक पुर्उयाइएको नगरपालिकाले जनाएको छ । गाल्जेमा आयोजित सार्वजनिक सुनुवाइमा नगरप्रमुख रतनबहादुर शाहीले संघीय संरचनामा बनेको नयाँ नगरपालिका भए पनि पहिलो वर्षमै १० वडामा सडक खनिएको बताए । उनका अनुसार कर्णाली राजमार्ग सुर्खेत जुम्ला सडक तिला नदीको तिरैतिर गएको छ भने कर्णाली राजमार्गसँग जोड्न गाउँ गाउँमा सडक निर्माण भएका छन् । उनले गत वर्ष निर्माण भएका सडकको मर्मतसुधार गरी गाडी गाउँसम्म पुऱ्याइएको जानकारी दिए । नगरपालिकका अनुसार ट्र्याक खोल्न



डोजरको प्रयोग गरिए पनि पर्खाल लगाउने, नालीढुंगा बोक्ने काममा स्थानीयले काम गरेका हुन् । नगरपालिकाको छाप्रे-भैंसेगौडा, बाली-छाप्रे, गाल्जे-जुबिथा-बालीचौर, राचुली-फोइमहादेव, नाग्म-फोइ, भैंसेगौडा-ठिन्के-रुरु सडकमा २५ किलोमिटरको ट्र्याक खोलिएको छ । गत वर्ष निर्माणमा करिब ६ करोड रकम खर्च भएको नगरपालिकाले जनाएको छ । 'सडक निर्माणको काम सबै उपभोक्ता समितिमार्फत गरिएको हो,' नगरप्रमुख शाहीले भने, 'अठ्यारा ठाउँमा डोजर प्रयोग गरिए पनि अन्यत्र उपभोक्ताले नै ज्यालामा काम गरे ।' उनले तिलागुफा नगरपालिकालाई पर्यटकीय गन्तव्य बनाउन विभिन्न पूर्वाधारका काम भइरहेको पनि सुनाए । उनका अनुसार

**बाँकी ८ पृष्ठमा.....**

## गर्भवती र सुत्केरी महिलालाई तरकारी र हजारी वितरण

**विश्नुप्रसाद न्यौपाने**

**कालिकोट -** कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिकाले नगरभित्रका सुनौला हजार दिनमा महिलाहरुलाई तरीकारीको बीउ र हजारी वितरण गरेको छ ।

नगरभित्रका सुनौला हजार दिनका महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउन नगरपालिकाले वडा नम्बर १ र २ का ६० जना गर्भवती तथा सुत्केरी महिलाहरुलाई तरकारीको बिउ र हजारी वितरण गरेको हो । खाँडाचक्र नगरपालिकालाई पोषणयुक्त नगरपालिका बनाउने लक्ष्य सहित कुपोषणको समस्यामा परेका र आर्थिक हिसावले विपन्न गर्भवती तथा सुत्केरी



महिलाहरुलाई तरकारीको बीउ र हजारी वितरण गरिँदै ।

महिलाहरुलाई दुईदिने तालिम सहित मौसमी तथा बेमौसमी तरकारीको बिउ, हजारी, नेल कट र तौलिया बितरण गरिएको खाँडाचक्र नगरपालिका कृषि शाखा प्रमुख परशुराम काफ्लेले बताए । उनका अनुसार सुनौला हजार दिनका आमाहरुलाई दिइएको तालिमले व्यक्तिगत सरसफाईदेखि घरायसी सरसफाई, करेसाबारी निर्माण तथा तरकारी खेती, बालबालिकाहरुको स्याहार लगायत क्षेत्रमा सुधार आउने अपेक्षा गरिएको छ ।

**विश्वनाथ सिम्खाडा**

# सामाजिक दृष्टिमा परिवर्तन गर्छु

कालिकोटको नरहरिनाथ गाउँपालिका हिमाल र पहाड मिलेर बनेको छ । सुदूरपश्चिमका अछाम, बाजुरा र कर्णाली कोरिडोरको बीचमा रहेको नरहरिनाथ साविकका कोटवाडा, कुमालगाउँ, रुप्सा, माल्कोट र लालु गरी पाँच गाविस मिलाएर बनाइएको गाउँपालिका हो । योगी नरहरिनाथको नामबाट यस गाउँपालिकाको नामकरण गरिएको हो । कुल १२४ दशमलव ५२ वर्ग किलोमिटर क्षेत्रफल रहेको नरहरिनाथ गाउँपालिकामा नौ वटा वडा रहेका छन् । यहाँ २१ हजार ५४९ कुल जनसंख्या रहेको छ । १० जेठ २०७४ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा नेकपा एमालेबाट उम्मेदवार बनेका धीरबहादुर विष्ट यस गाउँपालिकाको अध्यक्षमा विजयी भएका हुन् । उनले लामो समय शिक्षा क्षेत्रमा काम गरेका छन् । स्थानीय तहको निर्वाचनमा विजयी भएर दुई वर्षको अवधिमा गरेका काम तथा आगामी योजनाबारे धीरवहादुर विष्ट संग गरेको कुराकानीको ।

**पहिलो २२ महिने कार्यकाल कस्तो रह्यो ?**

ऐतिहासिक संघीय संरचनापछि जनप्रतिनिधि निर्वाचित हुँदा सर्वसाधारणका आशा धेरै थिए । हामी जनप्रतिनधि पनि धेरै उत्साहित थियौं । संघीयता हाम्रा लागि नौलो भएकाले सुरुको एक वर्ष सिकाइको अवधि रह्यो । यो अवधिमा पनि हामीले उपलब्धिपूर्ण काम गरेका छौं । जनतासँग जोडिएका समस्या समाधान गर्न मापदण्ड बनाएका छौं । लामो समयसम्म निर्वाचन नहुँदा सर्वदलीय संयन्त्रबाट नीति निर्माण गर्ने, बजेट बनाउने जुन विकृति थियो, त्यसको अवशेष अझै पनि छ । त्यसले थोरै असर गरेको छ । धेरै कुरामा पहिलेभन्दा अहिले सहज र राम्रो अवस्था सिर्जना भएको छ । भौतिक पूर्वाधारदेखि कर्मचारी अभावका बाबजुद पनि गाउँपालिकाले गरेका केही काम उपलब्धिपूर्ण छन् । शिक्षा क्षेत्र सुधारमा जिल्लामै नमुना काम गरेका छौं ।

**नमुना भन्नाले शिक्षा क्षेत्रमा के नयाँ काम गर्नुभयो ?**

२१औं शताब्दीअनुकूलको शिक्षाको कार्यविधि बनाएका छौं । शिक्षा समाज रूपान्तरणको मेरुदण्ड भएकाले शिक्षा समयानुकूल हुनुपर्छ भन्दै शैक्षिक सुधारका लागि गाउँपालिकाभित्र समग्र शिक्षा सुधार गर्न 'विद्यालय व्यवस्थापन र अभिभावक शिक्षा' भन्ने कार्यक्रम ल्याएका छौं । गत वर्ष डेढ करोड रकम विनियोजन गरेका थियौं । विद्यार्थीको परीक्षा शुल्क गाउँपालिकाले बेहोर्दै आएको छ । विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षाप्रेमी अभिभावक राखेर गत वर्ष दुइटा भेला गरी त्यो भेलाबाट आएका सुझावलाई शिक्षासम्बन्धी कार्यविधि पनि पारित गरेका छौं । दरबन्दी अभाव भएका विद्यालयमा निजी स्रोतमा कार्यरत शिक्षकका लागि गाउँपालिकाले तलब व्यवस्था गरेको छ । शिक्षकलाई दक्ष बनाउन काठमाडौंबाट प्रशिक्षक ल्याएर पाँच दिने तालिम गरेका छौं । यस वर्षका लागि 'जनप्रतिनिधिसँग विद्यार्थी' कार्यक्रम ल्याई शैक्षिक संवाद चलाएका छौं, जुन कार्यक्रमले विद्यार्थीलाई अनुशासन कायम गराउन, शिक्षाको महत्व बुझाउन र अभिभावकको ध्यान आफ्ना बालबालिकाको शैक्षिक सुधार गर्न र दिवा खाजा अभियानले शैक्षिक सुधारमा खेलेको भूमिकालगायत अन्य सुधारका अभियान चलाएका छौं । मानवीय र भौतिक विकास गर्न शिक्षाको विकास हुनु आवश्यक छ । गुणस्तरीय शिक्षामा जोड दिएका छौं । शिक्षामा देखिएको बेथिति अन्त्य हुन्छ ।

**जनप्रतिनिधि भएर जनताका काम गर्दा कस्ता चुनौतीको सामना गर्नुभयो ?**

भौगोलिक विकटताका कारण विभिन्न चुनौतीको सामना गर्नुपरुयो । गाउँपालिका केन्द्रसम्म मात्रै कच्ची सडक पुगे पनि नरहरिनाथ गाउँपालिकाको सडकलगायत अन्य पूर्वाधार अभाव छ । विकासलाई हेर्ने सामाजिक दृष्टिकोण परिवर्तन हुन सकेको छैन । जसले गर्दा स्थानीय तहले गरेका विकास निर्माणका काम हेर्ने दृष्टिदोष गलत देखिएको छ । स्थानीय तह सञ्चालन गर्दा संवैधानिक हैसियत प्राप्त सरकार चलाउन केही कठिनाइ देखिएको छ । गाउँपालिकाको कार्यपालिकाले गरेका निर्णय कार्यान्वयन गर्न दक्ष कर्मचारी र कर्मचारी अभाव चुनौती छ । जननिर्वाचित जनप्रतिनिधिले स्थानीय तहको मर्म र भावनालाई बुझ्न नसक्दा केही चुनौती देखिएका छन् । तर पनि सकारात्मक रूपमा अगाडि बढिरहेका छौं ।

**दलित र पिछडिएका वर्गको इच्छा आकांक्षा कतिको पूरा गर्नुभयो ?**

हो, मलाई निर्वाचित गराउने नै दलित वर्ग हो । गाउँपालिकामा रहेका दलित मात्र होइनन्, विभिन्न लक्षित वर्गकै लागि हामीले २० प्रतिशत बजेट विनियोजन गरी सिपमूलक काममा लगाई रोजगार बनाएका छौं । **जनप्रतिनिधि सुविधाभोगी हुँदै गए भन्ने आरोप छ ? यो विषयमा के भन्नुहुन्छ ?**

सिकाइका क्रममा छौं । नागरिकको माग के छ, पहिला त्यो बुझ्न जरुरी छ । त्यसपश्चात् विकासको क्रमले गति लिन्छ । सामाजिक विकासको क्षेत्रमा पनि धेरै सुधार भएका छन् । साथसाथै मानसिक विकासलाई पनि जोड दिएका छौं । आगामी तीन वर्षभित्र सबै नागरिक सन्तुष्ट हुनेछन् । सबै जनप्रतिनिधि एकनासका हुँदैनन् । सबै ठीक, सबै असल भन्ने होइन तर अधिकांश जनप्रतिनिधिले राम्रो काम गर्दै आएका छन् । नरहरिनाथ गाउँपालिकाको हकमा भने त्यो लागू हुँदैन भन्ने मलाई लाग्छ । हामीले सधैं जनताको पक्षमा काम गरेका छौं । उनीहरूको समस्या पहिचान गर्दै त्यहीअनुरूप काम गरेका छौं । जनताबाट चुनिएका जनप्रतिनिधिबाट जनतालाई सास्ती दिने काम हुँदैन । जनतालाई कसरी सुविधा पुग्छ, कसरी उनीहरूका समस्या समाधान गर्न सकिन्छ भनेर लागेका छौं ।

**जनगुनासो कतिको आउँछ ? सन्तुष्ट पार्न सक्नुभएको छ ?**

जनगुनासो आउँछन् । अझै सिकाइका क्रममा छौं । नागरिकको केही माग पूरा गर्दै छौं । अझै बुझ्न जरुरी छ । विकासको क्रमले गति बढाउनेछ । सामाजिक विकासको क्षेत्रमा पनि धेरै सुधार भएका छन् । साथसाथै मानसिक विकासलाई पनि जोड दिएका छौं । आगामी तीन वर्षभित्र सबै नागरिक सन्तुष्ट हुनेछन् ।

**नरहरिनाथ आगामी तीन वर्षमा कस्तो गाउँपालिका बन्छ ?**

कुनै पनि ठाउँको विकास गर्न सर्वप्रथम त जनताको साथ र सहयोग आवश्यक हुन्छ । समृद्ध र सम्मानित सुर्नयावासी बस्ने साझा घर बनाउने मैले निर्वाचनको बेला लक्ष्य लिएअनुसार अगाडि बढेका छौं । त्यो लक्ष्य पूरा गर्न समग्र विकास सामाजिक, भौतिक, सांस्कृतिक विकासलाई अगाडि बढाउने, स्थानीय स्रोतसाधन, प्राकृतिक स्रोतसाधनको पहिचान र नरहरिनाथ गाउँपालिकाभित्र रहेका धार्मिक पर्यटनलाई प्राथमिकता दिने योजना छ । ग्रामीण अर्थतन्त्रलाई कसरी अघि बढाउन सकिन्छ भन्नेबारे कार्ययोजना बनाएर अघि बढेका छौं । कृषि, पशु र वनमा आधारित उद्योगलाई बढाउन पहल थालेका छौं । गाउँपालिकामा भूउपयोगको नीतिलाई अवलम्बन गरिएको छ । कुन ठाउँमा के सम्भावना छ, त्यसको गहन अध्ययन गरेर उक्त ठाउँमा त्यस्ता सम्भावनालाई समेट्ने प्रयास गरिएको छ । आर्यआर्जनमा वृद्धि हुँदै समृद्धि पथमा बढ्न चाहन्छौं । भौगोलिक कठिनाइबीच पनि आगामी तीन वर्षमा नरहरिनाथ आत्मनिर्भर गाउँपालिका बन्छ ।

**यहाको त्रिवेणी पाटनको विकास र प्रचार प्रसारमा के सोचाइ राख्नुभएको छ ?**

त्रिवेणी पाटनको संरक्षण गर्न व्यवस्थापनका लागि हामीले बृहत् त्रिवेणी पाटन तथा पर्यटन विकास बोर्ड गठन गरेका छौं । सबै तह र तप्कासँग सरसल्लाह गरेर तत्काल गर्नुपर्ने कामहरू अगाडि बढाउँछौं । तर, दीर्घकालीन

बाँकी ४ पृष्ठमा..

## सातको भाग्यफल

**मेष** : प्रारम्भमा अरूको भर पर्दा महत्त्वाकांक्षा पूरा गर्न समस्या पर्नेछ । आफन्तजनमै ईर्ष्यालु मनोवृत्ति बढ्न सक्छ ।

**वृष** : इच्छाशक्ति बढ्नुका साथै लक्ष्य प्राप्त गर्ने साहस जुट्नेछ । सरल जीवन शैलीले धेरैलाई प्रभावित पार्न सकिनेछ ।

**मिथुन** : धेरै बोल्ने बानीले विवाद निम्त्याउन सक्छ । आलोचकहरूदेखि सावधान र हनुपर्ला । शुभचिन्तकहरूको साथ जुट्नाले काममा फाइदा हुनेछ ।

**कर्कट** : आफन्तहरू नजिकिए पनि परिस्थिति आफ्ना लागि चुनौतीपूर्ण रहनेछ । काम बिग्रने भयले सताउन सक्छ । शुभचिन्तकहरूको सुझावलाई मनन गर्नुहोला ।

**सिंह** : प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला । टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।

**कन्या** : प्रारम्भमा आम्दानीको क्षेत्र फराकिलो भए पनि प्रतिस्पर्धाले खर्च बढाउने छ । आफ्नो श्रमबाट अरूले फाइदा उठाउन सक्छन् ।

**तुला** : प्रारम्भमा तारिफयोग्य काम गरेर अवसर हात पार्ने समय छ । आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ ।

**वृश्चिक**: प्रारम्भमा सामाजिक क्षेत्रबाट हौसला प्राप्त हुनेछ । पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । प्रतिष्ठित काम हातपार्न सफल भइनेछ ।

**धनु** : प्रारम्भमा अस्वस्थताका बाबजुद कामको बोझ बढ्नेछ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ने हुन सक्छ । अरूको स्वार्थमा उपयोग भइएला ।

**मकर** : प्रारम्भमा प्रतिस्पर्धीहरूले दुस्ख दिए पनि कर्मयोगले फाइदा दिलाउनेछ । खर्च लागे पनि मिहिनेत गर्दा अवसर हात पार्न सकिनेछ ।

**कुम्भ** : पहिलेको सफलताले काममा उत्साह जगाउनेछ । अध्ययनमा सफलता प्राप्त हुनेछ भने नयाँ कार्यको थालनी हुन सक्छ ।

**मीन** : जिम्मेवारी प्राप्त भए पनि उपलब्धिका लागि केही समय प्रतीक्षा गर्नुपर्ला । आफ्नो कमजोरीबाट अरूले फाइदा उठाउन समय रहेकाले सजग रहनुपर्ला ।

# रारा पर्यटन वर्षमा प्रक्रियागत अनियमितता : लेखा समिति

**मिसन न्यूज**

**सुर्खेत**-कर्णाली प्रदेशसभाको सार्वजनिक लेखा समितिले कर्णाली रारा पर्यटन वर्ष २०७५ को उद्घाटन कार्यक्रममा अनियमितता भएको निष्कर्ष निकाल्दै कारवाहीका लागि मुख्यमन्त्रीको कार्यलयलाई निर्देशन दिएको छ। कर्णाली सरकारले उक्त कार्यक्रममा गरेको खर्च सार्वजनिक खरिद ऐनविपरीत रहेको कर्णाली प्रदेशसभाको सार्वजनिक लेखा समितिले निष्कर्ष निकाल्दै यस्तो निर्देशन दिएको हो ।

समितिको निष्कर्ष र उपसमितिले बुझाएको अध्ययन प्रतिवेदन प्रदेशसभाका सभामुख र मुख्यमन्त्रीको कार्यालयमा बुझाइएको छ। सार्वजनिक लेखा समितिले कर्णाली रारा पर्यटन वर्ष २०७५ को उदघाटन कार्यक्रममा भएको अनियमितताका दोषीलाई छानविन गरी आवश्यक कारवाही गर्न मुख्यमन्त्रीलाई लेखा समितिले निर्देशन सहितको विवरण बुझाएको हो । कर्णाली प्रदेश सभाको संसद सचिवालयमा आइतबार पत्रकार सम्मेलन गर्दै सार्वजनिक लेखा समितिले प्रदेश सरकारले विधि प्रक्रिया र नीतिविपरीत खर्च गरेको निष्कर्ष निकालेको जानकारी दिइएको हो । सार्वजनिक लेखा समितिको निष्कर्ष सार्वजनिक गर्दै समितिका अध्यक्ष दिनबन्धु श्रेष्ठले प्रदेश सरकारले गरेको सम्पूर्ण रकम पूर्णत अनियमित भएको



बताए । 'प्रदेशका विभिन्न मन्त्रालयलाई खर्च गर्नका लागि बढीमा ४६ लाखको अख्तियारी दिइएकोमा मन्त्रालयले लागत अनुमानविना नै सार्वजनिक खरिद ऐन विपरित करिब दोब्बर रकम खर्च गरेको पाइएको छ' श्रेष्ठले भने । कर्णाली रारा पर्यटन वर्ष उदघाटन कार्यक्रममा सरकारले गरेको खर्चको अध्ययन गर्न बनेको उपसमितिले गरेको अध्ययन प्रतिवेदन र प्रदेश लेखा नियन्त्रण कार्यालयमार्फत प्राप्त महालेखा परीक्षकको प्रतिवेदन समेतको आधारमा प्रदेश सरकारले उक्त कार्यक्रममा खर्च गर्दा सार्वजनिक खरिद ऐन २०६३ को आधारमा खर्च नगरेको पाइएकोले सम्पूर्ण खर्चमा पूर्णत:अनियमितता रहेको समितिले सर्वसम्मत यस्तो निष्कर्ष निकालेको हो । पर्यटन वर्षको उद्घाटन कार्यक्रमको लागत अनुमानविना मन्त्रालयहरूलाई खर्च गर्ने अख्तियारी दिनु, कतिपय मन्त्रालयहरूले तोकिएको खर्च सीमाभन्दा दोब्बर रकम आर्थिक नियम र प्रक्रियाविपरीत खर्च गर्नुले अनियमितता भएको समितिले निष्कर्ष निकालेको छ। कर्णाली रारा पर्यटन वर्ष २०७५ को उद्घाटन कार्यक्रममा सरकारले पटक पटक फरक फरक खर्च विवरण पेश गरेको देखिएको लेखा समितिले जनाएको छ ।

सरकारको तर्फबाट प्रदेशसभामा प्रस्तुत गरेको खर्च रकम ४९ लाख ४१ हजार ७ सय ९५ रुपैयाँ हुनु, मन्त्रालयहरूले अध्ययन उपसमितिलाई बुझाएको विवरणमा ७८ लाख १४ हजार ६ सय ६८ रुपैयाँ ५६ पैसा हुनु, महालेखापरीक्षकको प्रतिवेदनमा ८७ लाख १८ हजार ९ सय ७३ रुपैयाँ ८९ पैसा हुनु तथा महालेखापरीक्षकको प्रतिवेदनमा ९ लाख २ हजार ८७७ रुपैयाँ ८९ पैसाको खर्च विवरण प्रस्तुत गर्न नसक्नुले अनियमिततालाई सहजै पुष्टि गरेको समितिको ठहर छ । तर

बाँकी ४ पृष्ठमा..


## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन कार्यालय कालीकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुवाौं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## रारा पर्यटन वर्षमा प्रक्रियागत.............

लेखासमितिका अर्का सदस्य करबिर शाहीले सबै मन्त्रालयका बिल एकै प्रक्रियाका भएको, एउटै शीर्षकका भएकोले पनि अनियमितता भएको निष्कर्ष निकाल्न कुनै समस्या नभएको at fP . कुन मन्त्रालयको खर्च कति प्रदेशकाम मन्त्रालयले विनियोजित बजेट भन्दा बढी खर्च गरेको देखिएको छ। भूमि व्यवस्था तथा कृषि तथा सहकारी मन्त्रालयबाट १० लाख विनियोजित गरेकोमा २८ लाख ६५ हजार ८१० रुपैयाँ खर्च गरेको छ भने सामिजिक विकास मन्त्रालयले ७ लाख विनियोजित गरेकोमा १० लाख ११ हजार ४२८ रुपैयाँ खर्च गरेको खर्च विवरण सरकारले बुझाएको छ। यसैगरी उद्योग पर्यटन वन तथा वातवरण मन्त्रालयले १० रकम विनियोजन गरेकोमा १६ लाख ५८ हजार ५४ रुपैयाँ तथा आन्तरिक मामिला मन्त्रालयले ७ लाख बजेट विनियोयजन गरेकोमा चार लाख ६१ हजार ४० रुपैयाँ तथा भौतिक पूर्वाधार मन्त्रालयले १० लाख रकम विनियोजित गरेकोमा १० लाख ९३ हजार ३ सय ६० रकम खर्च गरेको छ । मुगु जिल्ला समन्वय समितिलाई दुई लाखको अख्तियारी दिएकोमा ७ लाख २४ हजार ९ सय ७६ रुपैयाँ ५६ पैसा खर्च गरेको विवरण पेश गरिएको छ । कसको जिम्मा के थियो रारा पर्यटन वर्षमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलले खाद्य तथा कोशेलीको जिम्मा लिएको थियो । त्यस्तै गरी सामाजिक विकास मन्त्रालयले प्रचार प्रसार र स्वास्थ्यको जिम्मा लिएको थियो भने उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयले महोत्सव व्यवस्थापनको जिम्मा लिएको थियो। त्यस्तै आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सुरक्षा र आवासको जिम्मा लिएको थियो भने भौतिक तथा पूर्वाधार विकास मन्त्रालयले अतिथि सत्कार तथा यातायातको जिम्मा लिएको थियो। यस्तै मुगु जिल्ला समन्वय समितिले समन्वयको जिम्मा लिएको थियो ।

## सामाजिक दृष्टिमा.....................

कामका लागि गुरुयोजना बनाएर त्यसैबमोजिम अघि बढ्ने योजना छ । करिब २०/३० वर्षका लागि हुने गुरुयोजना तयार गर्दै छौं ।

**तपाई आउँदा गाउँपालिकाको अवस्था कस्तो थियो । कार्यकाल सकेर बिदाइ हुँदा कस्तो बनाएर छोड्छु भन्ने लागेको छ ?**

नरहरिनाथलाई हामी शैक्षिक हबका रूपमा स्थापित गर्छौं । शैक्षिक स्थलका रूपमा राख्छौं । गाउँपालिका कर्णाली प्रदेशकै पहिलो पूर्ण साक्षरता गाउँपालिका घोषणा पनि गरिसकेका छौं । अहिले पनि जिल्लामा पहिलो स्थानमा छ, हाम्रो गाउँपालिका । यसलाई अझै परिष्कृत गर्नेछौं । अर्को कुरा सबै वडामा सेवा पहुँच भएको वडाको आफ्नै भवन, गाउँपालिकाको पनि आफ्नै भवन हुनेछ । सूचना तथा प्रविधिमैत्री गाउँपालिका बनाएर छोड्छौं । पर्यटनको ठूलो सम्भावना रहेको त्रिवेणी पाटन क्षेत्रलाई पनि विकास गरेरै छोड्छौं ।


### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**पलाँता गाउँपालिका कार्यालय**
**कालिकोट**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**


# स्वास्थ्य

## गुलियो खाँदा किन दाँतमा कीरा लाग्छ ?



हाम्रो शरीरको एउटा महत्वपूर्ण अंग दाँत पनि हो । दाँतले हामी खानेकुराहरु चपाउने काम गर्छौं । दाँत नै भएन भने हामीले खानेकुराहरु राम्ररी खान सक्दैनौं । राम्ररी खानेकुरा खान नपाएपछि मानिसको हालत कस्तो होला ? सजिलै अनुमान गर्न सक्छौं । अझ गुलियो खाने बानी छ भने त झन चाँडै दाँत बिग्रन्छ ।

**गुलियो धेरै खानाले दाँत कसरी बिग्रन्छ ?**

-स्वस्थ दाँत धेरै बलियो हुन्छ । दाँत बलियो हुनुको कारण यसको बाहिरी भागलाई ढाक्ने कडा बस्तु दाँतलाई बाहिरबाट इनामेल (भ्लकभा) हो । इनामेल सेतो रंगको हुन्छ । यो नै हाम्रो शरीरको सबैभन्दा कडा बस्तु हो । इनामेलले ढाकेको भन्दा भित्रपट्टिको दाँतको भागलाई डेन्टाइन (म्भलतष्लभ) भनिन्छ । यो भाग चाहिँ इनामेल जस्तो कडा हुँदैन । यो भाग नरम हुने भएकोले मौका पाएमा कीटाणुहरु सजिलै यसमा पस्न सक्दछन् । तर साथसाथै, कतिपय ब्याक्टेरियाहरु चाहिँ हानी गर्ने खालका पनि हुन्छन् । मुखमा हुने ब्याक्टेरियाहरुमध्ये एसिड उत्पादन गर्ने ब्याक्टेरियाहरु (Acidogenic bacteria) हरु चाहिँ दाँतका लागि शत्रु नै हुन्छन् । इनामेल हाम्रो शरीरकै सबैभन्दा कडा बस्तु हो । तर यस्तो कडा बस्तुलाई पनि अमिलो वा एसिडले खियाइदिने गर्छ । यसरी दाँतको इनामेल अमिलोले खियाइदिएपछि दाँतको नरम भाग डेन्टाइनमा सजिलै अरु हानिकारक ब्याक्टेरियाहरु पस्न पाउँछ । त्यसरी डेन्टाइनमा पसेको ब्याक्टेरियाले गर्दा हाम्रो दाँत अति नै दुख्ने गर्छ भने दाँतमा कालो कालो प्वाल नै पर्न पनि सक्छ । दाँतमा परेका त्यस्ता प्वालहरुलाई हामी कीरा लागेको भन्ने गर्छौं । दाँतमा लागेको कीरालाई बेलैमा उपचार गरिएन भने ब्याक्टेरियाको आक्रमणले दाँतको अझ भित्री भागहरुमा, जराहरुमा र दाँतसम्म आएका नसाहरुमा घाउ बनाइदिन सक्छ । दाँतको इनामेल नयाँ निर्माण भइरहेको हुन्छ तर पूरै दाँत आफैं पुनर्निर्माण हुन सक्दैन । त्यसैले दाँतमा कीरा लागिहाल्यो भने दाँतको डाक्टरलाई देखाइहाल्नु पर्छ ।


### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।
२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर ।
३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।
४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।
२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method )
अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।
३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दाँते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# बिद्युतीय हाजिर प्रणाली कर्मचारीका लागि गलपासो



**मिसन न्यूज**

**कालिकोट -** जिल्लाको पचालझरना गाउँपालिका ९ कर्णाली आधारभूत विद्यालयका प्रधानाध्यापक बीरेन्द्रबहादुर शाहीले विद्यालयमा राखेको विद्युतीय हाजिर प्रर्णाली घरमा नै हाजिर लगाउने गरेका छन् । विद्युतीय हाजिर सोही विद्यालयका शिक्षक अमर तिरुवाले प्रधानाध्यापक शाहीको घरमा हाजिर लगाउन लिदैं गर्दा स्थानीय युवाले जफत गरेर घरमा वडा अध्यक्ष जोरे तिरुवालाई बुझाए ।

जिल्लाका सान्नी त्रिवेणी गाउँपालिका, पचालझरना गाउँपालिका र रास्कोट नगरपालिकाले शैक्षिक गुणस्तर सुधारका लागि विद्युतीय हाजिरी प्रणाली लागू गरेका छन् । विद्युतीय हाजिरी प्रणाली लागू गरेका स्थानीय तहका कर्मचारीले अहिले विद्युतीय हाजिरी प्रणाली गलपासोको रुपमा परिणत भएको छ । शैक्षिक गुणस्तर सुधार ल्याउनका लागि पहिलो चरणमा विद्यालयमा विद्युतीय हाजिर प्रणाली सिस्टमको जडान गरिएको सान्नी त्रिणेणी गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले बताए । 'विद्युतीय हाजिर प्रर्णालीको लागु गर्दा पहिलो चरणमा सबै बिरोध गरे । विशेष गरेर कामचोर कर्मचारी त्यसको बिरोधमा थिए ।' उनले भने,'अहिले सबै सरकारी कार्यालयमा विद्युतीय हाजिर प्रणाली जडान गर्न माग गरेका छन् ।' शिक्षक नियमित स्कुलमा विद्युतीय हाजिर प्रणालीको जडान गरेपछि विगतमा नियमित विद्यालयमा हाजिर नहुने शिक्षकहरू अहिले नियमित रुपमा विद्यालयमा हाजिर हुन थालेका छन् । नियमित विद्यालयमा हाजिर हुँदा शैक्षिक गुणस्तरका सुधार आएको छ । विगतमा नियमित विद्यालयमा हाजिर नहुने अनियमित हुने शिक्षकहरू अहिले अहिले विद्यालयमा नियमित हाजिर हुन थालेको विगतका वर्षभन्दा यो आर्थिक वर्षमा शैक्षिक गुणस्तरमा पनि सुधार आएको रास्कोट नगरपालिकाका नगर प्रमुख काशीचन्द्र बरालले बताए । 'विद्युतीय हाजिर प्रणालीले कर्मचारीलाई एउटा सिस्टम बसाल्न सहयोगीको रुपमा काम गरेको छ ।' उनले भने,'अनियमित हुने कर्मचारी आफ्नो कामप्रति वफादारीपूर्वक लाग्ने गरेका छन् ।' विद्युतीय हाजिर प्रणाली अन्य ठाउँमा लागू हुँदै जिल्लाका तीन वटा स्थानीय तहहरूले विद्युतीय हाजिर प्रर्णालीको लागू गरेपछि अन्य स्थानीय तहहरूले पनि त्यसको सिको गर्न थालेका छन् । विद्युतीय हाजिर

बाँकी ८पृष्ठमा....

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

**नरहरिनाथ गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं । सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं,गरिबी न्यूनिकरण गरौं ।**

**रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

**पचाल झरना गाउँपालिकाको कार्यालय**
**कालिकोट**

# अन्तराष्ट्रिय न्युज

## अमेरिकासंग वार्ता गर्न रूस तयार



**मस्को-** भेनेजुएलामा बढ्दै गएको राजनीतिक तथा मानवीय सङ्कट समाधानका लागि अमेरिकासँग वार्ता गर्न आफू तयार रहेको रुसले जनाएको छ। संयुक्त राष्ट्रसंघको घोषणापत्र अनुसार दुई देशका लागि समन्वयकारी भूमिका खेल्न तयार रहेको रुसका विदेश मन्त्री सर्गेइ लाभरोभले शनिबार बताएका हुन्। विदेश मन्त्री लाभरोभले जारी गरेको वक्तव्यमा भेनेजुएलाका बारेमा आफूले अमेरिकी विदेश मन्त्री माइक पोम्पेओसँग छलफल गरेको उल्लेख गरेका छन् । लाभरोभले पोम्पेओसँग टेलिफोनमा कुराकानी गर्दै भेनेजुएलाको अवस्था, सङ्कट समाधानको उपायलगायतका बारेमा कुराकानी गरेको पनि जानकारी दिएका छन्। 'भेनेजुएलाका बारेमा मैले वासिङ्टनसँग छलफल गरेको छु, अमेरिकासँग भेनेजुएलाको सङ्कट समाधानको निकास निकाल्न सकिन्छ, तर राष्ट्रसंघीय घोषणापत्रलाई भने मान्नु पर्दछ,' लाभरोभले वक्तव्य मार्फत् भनेका छन् । संयुक्तराज्य अमेरिकाले विपक्षी नेता गुएइदोलाई मान्यता दिँदै उनको नेतृत्वका लागि कुटनीतिक अभियान चलाएको छ । रूसले भेनेजुएलाको सरकारलाई दिँदै आएको सहयोगलाई जारी राख्ने पनि रूसी विदेश मन्त्री लाभरोभले जनाएका छन् । 'हामीले अत्यधिक निकटमा रहेर भेनेजुएलाको समस्याबारे अन्तर्राष्ट्रिय क्षेत्रमा सहकार्य र समन्वय गर्दै अघि बढ्नेछौँ,' लाभरोभले भने। उनले थपे, 'वर्तमान समयमा भेनेजुएलाको आन्तरिक मामिलामा निर्लज्जरूपमा वैदेशिक हस्तक्षेपको सामना गरिरहेको र यसमा उसलाई सहयोग गर्नु महत्वपूर्ण कार्य हो।' आर्थिक तरलताले विक्षिप्त बनेको भेनेजुएलामा प्रतिपक्षी नेता हुँवा गुएइदोले गत जनवरीमा आफूलाई स्वघोषित रूपमा अन्तरिम राष्ट्रपति घोषणा गरेका कारण उक्त मुलुक राजनीतिक सङ्कटतर्फ गइरहेको छ।

# ज्ञानमाला

१. संयुक्त राष्ट्रसंघको १९३ औं सदस्यको रूपमा सदस्यता प्राप्त गर्ने देश कुन हो ?
-दक्षिण सुडान
२. संयुक्त राष्ट्रसंघले सबैभन्दा पछि मान्यता दिएको भाषा कुन हो ?
-अरबी
३. नेपाल सर्वप्रथम सदस्य वनेको संस्था कुन हो ?
–ECAFE
४. सन् २०११ लाई संयुक्त राष्ट्र संघले कुन वर्षको रूपमा घोषणा गरेको थियो ?
-अन्तर्राष्ट्रिय वन वर्ष
५. राष्ट्रसंघीय मिसन UNMIN कहिलेदेखि नेपालबाट औंपचारिक रूपमा बिदा भयो ?
-माघ १, २०६७
६. राष्ट्रसंघको प्रमूख अंग कति थिए ?
-३
७. UN को आधिकारिक वेभ साइटका अनुसार हाल UNO का विशिष्टिकृत संस्था कति रहेका छन् ?
-१५
८ .संयुक्त राष्ट्रसंघका महासभाका मुख्य समितिहरू कति ओटा छन् ?
-६ वटा
९. संयुक्त राष्ट्रसंघको महासभाको बैठक कहिलेदेखि सुरु हुन्छ ?
-प्रत्येक वर्षको सेप्टेम्बर महिनाको तेस्रो मंगलबार
१०. UNO सूरक्षा परिषदमा कसलाई ख्भतय प्रयोग गर्ने अधिकार छ ?
-५ स्थायी सदस्य राष्ट्रहरूलाई
११. ग्ल्इ महासभामा प्रत्येक सदस्य राष्ट्रले ५-५ जना प्रतिनिधि पठाउने सक्ने भएता पनि मतदानमा कति सहभागी हुन पाउने व्यवस्था छ ?
-१ जना
१२. महासभामा महत्वपूर्ण विषयमा निर्णय गर्दा कति बहुमतले अनुमोदन गर्नुपर्छ
-दुई तिहाई
१३. संयुक्त राष्ट्रहरूको कुन अंगलाई निषेधाधिकार (Veto) प्रयोग गर्ने अधिकार छ ?
-सूरक्षा परिषद
१४. अहिलेसम्म सबैभन्दा धेरै पटक नोबल पुरस्कार पाउने संस्था कुन हो ?
–UNHCR
१५. League of Nation का प्रथम महासचीव को हुन् ?
-James Eric Drummond


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसावारीको स्थापना गरौं ।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं ॥

पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# स्याउ किसानलाई फाइदै फाइदा

**मिसन न्यूज**

**जुम्ला -** तातोपानी गाउँपालिकाका दलबहादुर खड्का स्याउ किसान हुन् । उनी गत वर्षहरू भन्दा यो वर्ष निकै उत्साहित छन् । समयमै ठूलो हिमपात भएकोले स्याउ सप्रिनेमा उनी ढुक्क छन् । बगैचामा स्याउमा पालुवा पलाउने समयमा हिमपात भएपछि हामी खुसी भएका छौं । उनले भने,'यो पटक स्याउका बिरुवामा रोग किरा लाग्ने छैन,चिस्यानको अभावले बोट सुक्ने अवस्था आउने छैन् । उत्पादनमा वृद्धि भई किसानले निकै लाभ लिन सक्ने छन् ।' यो समयमा किसानले काटछाँट, मलखाद्य व्यवस्थापनमा जोड दिनुपर्ने उनी बताउँछन् । चन्दननाथ नगरपालिकाका अमर रावत पनि व्यवसायीक स्याउ किसान हुन् । उनी वर्षेनी सयौं स्याउका बिरुवा बेच्छन्। उनको आफ्नै नर्सरी छ । नर्सरीमा निरोगी बिरुवा उमारिन्छ। पटक पटक स्याउ प्राविधिक गएर हेर्छन् । उनले भने,'विगत वर्षमा स्याउको नर्सरीमा पानीको निकै अभाव हुन्थ्यो । अपेक्षा गरे बमोजिमको गुणस्तरिय बिरुवा उत्पादन गर्न सकिन्नथ्यो, तर अहिलेको वर्ष निकै गुणस्तरीय बिरुवा उत्पादन हुनेछन् । ठूला स्याउका बोटले राम्रै फल दिनेछन् ।' पुस महिनादेखि जिल्लाका बगैचामा काँटछाँटको कार्यक्रम सुरु भइसक्थ्यो । तर, यो पटक पुसको अन्तिमबाट शुरु भएको छ। प्रधानमन्त्री आधुनिकिरण परियोजना सुपरजोन स्याउका निमित्त प्रमुख जोगेन्द्र कान्दुले यो पटक स्याउ किसानलाई फाईदै फाईदा भएको सुनाए । उनले भने,'यो पल्ट हावापानी, मौसमले पनि साथ दिएको छ । समयमै मलखाद्यको व्यवस्थापन गरिसकिएकोले प्रशस्त आम्दानी लिन सकिने अवस्था रहन्छ ।' माघ ८ गतेदेखि हिमपात भइरहेको छ। जमिनमा चिस्यानको अवस्था बढि नै छ । हिउँ पोखरीमा आवश्यक पर्ने पानी संकलन भइसकेको छ । उनले भने,'स्याउ किसानका लागि यो वर्ष निकै उपलब्धिपुर्ण रहनेमा दुईमत छैन् ।' सुपरजोनले चन्दननाथ, तातोपानी गाउँपालिकाको सबै क्षेत्रलाई व्यवसायीक स्याउ खेतिका लागि उत्प्रेरित गरिरहेको छ । पातारासीका ४ वटा वडा, गुठिचौरका तीन वटा वडालाई स्याउमा व्यवसायिकरण बनाउने लक्ष्य बोकेको छ। उनले भने,'यो वर्ष सिचाईको अभाव नहुने देखिएको छ । किसानको स्याउ फारममै पुगेर व्यवस्थापनबारे सचेतना अभिवृद्धि गरिएको छ । सैद्धान्तिक र



बाँकी ८ पृष्ठमा..

सान्नी त्रिवेणीको अनुरोध

मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय
कालिकोट

जनहितका लागि जारी सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं । रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।

महावै गाउँपालिका
गाउँ कार्यपालिकोको कार्यालय
कालिकोट

स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

खाँडाचक्र नगरपालिकाको कार्यालय
कालिकोट

पलाँताको सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझाँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## गाउँगाउँमा.........

नगरपालिकाले विभिन्न २२ ऐन, कानुन र निदेशिका नगरसभाबाट पास गरेको छ । कर्णालीमै सबैभन्दा गुणस्तरीय स्याउ उत्पादन हुने तिलागुफामा फोइ, राचुली, चिल्खाया, जुबिथा र छाप्रेमा गत वर्ष २६ हजार स्याउ, ओखर र आरुबखडाका बिरुवा रोपिएका छन् । विपन्न घरधुरीको आयआर्जन सुधार गर्न दुई हजार पाँच सय कुखुराका चल्ला वितरण गरिएको नगरपालिकाले जनाएको छ । कालिकोटको महाबै, दैलेख, जाजरकोट र जुम्लाको संगमस्थल बरुरु बन्चु पर्यटकीय क्षेत्रको विकासका लागि सडक निर्माण, सामूहिक स्याउ बगैंचा, भेडा फाराम सञ्चालन गरिएको वडा नं १० का अध्यक्ष मुनबहादुर थापाले बताए । नगरउपप्रमुख दन्ता नेपालीका अनुसार नगरलाई पूर्ण सरसफाइयुक्त बनाउन एक घर, एक धारा अभियान, वडा नं २ र ४ राचुलीलाई बालमैत्री वडा तथा वडा नं ४ लाई मानव अधिकारमैत्री वडा घोषणा गरिएको छ । उनले फोइमहादेवलाई छाउपडीमुक्त गोठ घोषणा पनि यसै वर्ष गरिएको जनाइन् । नगरको न्यायिक समितिमा धेरै मुद्दा नआए पनि आएका गुनासो सुनुवाइ गरिरहेको उनको भनाइ छ । गत मंसिर १८ गते पहिलो बालमैत्रीगाउँ घोषणा गरिएको राचुलीलाई बालविवाहमुक्त, बालश्रममुक्त, खुला दिसामुक्त तथा पूर्ण सरसफाइयुक्त, अनिवार्य तथा आधारभूत शिक्षामा पहुँच पुगेको र मानव अधिकारमैत्री घोषणा गरिएको वडाध्यक्ष खडगराज शाहीले बताए । उनका अनुसार सामाजिक क्षेत्रको विकासका लागि समेत गाउँपालिकामा विभिन्न योजना अगाडि सारिएका छन् ।

## बिद्युतीय हाजिर प्रणाली कर्मचारीका.........

प्रणालीले शैक्षिक गुणस्तर सुधार, शिक्षकको नियमित विद्यालयमा हाजिर हुन थालेपछि यसको माग अन्य स्थानीय तहमा पनि उठ्न थालेको छ । शैक्षिक गुणस्तर सुधार, कर्मचारी नियमित भएको नभएको विषयमा जानकारी लिन विद्युतीय हाजिर प्रर्णाली सबै ठाउँमा लागु हुन आवश्यक रहेको नरहरिनाथ गाउँपालिका ९ श्री जनप्रभात माध्यमिक विद्यालयका प्रधानध्यापक निर्मलकुमार बिष्टले बताए । थाहाखवरबाट


## महावैको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**

**कालिकोट**



**'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'**

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको ब्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भ्रष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

**सर्म्पक ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com


## संरक्षण विना पुरातात्विक .................

लाखको लागतमा ठेक्का लिएको निमार्ण कम्पनीका निमार्ण व्यवसायी दमन थापाले बताउनुभयो । उहाँले भन्नुभयो, 'गौरी पार्वती शंकर जेभीले ठेक्का लिएको छ, काम गर्नका लागि सहज बातावरण भयो भने १५ महिनाभित्र सम्पन्न गरि सक्ने छौं ।' 'कालोपत्रे नभएपछि सुनथराली विमानस्थलमा नियमित उडान नभएपछि बिरामीलाई डोकोमा बोकेर अस्पतालसम्म लैजानुपर्ने बाध्यता छ, हामीले काम तीव्र गतिमा गर्दैछौं' उहाँले भन्नुभयो । यो विमानस्थल निर्माणका क्रममा १८ वर्षअघि ३६ जना कामदारको एउटै चिहान भएको थियो । विमानस्थल निर्माणमा खटिएका कामदारमाथि माओवादीको आरोपमा सेनाले आक्रमण गरेको थियो । सोही क्रममा ३६ जना मजदुरले आफ्नो ज्यान गुमाउनु परेको थियो । उनीहरू सबैको चिहानमाथि यो विमानस्थल बनेको छ । कर्णालीका पाँच जिल्ला मध्ये कालिकोट बाहेक अन्य जिल्लाका विमानस्थल सञ्चालनमा छन् । तर कालिकोटमा भने एकमात्र सुनथराली विमानस्थल लामो प्रयासपछि निर्माण गरि कालोपत्रे काम सुरु गरीएको छ । करिब ३३ वर्ष लगाएर निर्माण भएको यो विमानस्थलमा २०७३ माघसम्म २६ करोड रूपैयाँ खर्च भएको छ ।कोडवाडा क्षेत्रमा अहिले पनि सडकको पहुँच छैन । भौगोलिक रूपमा विकट रहेको यो जिल्लामा हवाइ सेवा एक मात्र भरपर्दो माध्यम भएपनि समयमै काम नहुँदा स्थानीय बासिन्दा पैदल हिंड्न बाध्य भएका छन् ।

## स्याउ किसानलाई...............................

व्यवहारिक ज्ञान पनि बगैंचामै दिन सकिएकोले खासै समस्या आउने देखिदैन् ।' स्याउ सुपरजोन परियोजना जुम्लाका अनुसार जिल्लाका १५ क्लष्टरका २ सय २५ समुहलाई १० केजी चुना, ५ केजी निलथुतो, स्टीकर, ब्रस र पञ्जा प्रदान गरिएको छ । स्याउ खेतिका लागि अहिले निकै राम्रो लक्षण देखिएको निमित्त प्रमुख कान्दुले जानकारी दिए । उनले भने,'जुम्लाको यो पटक स्याउ खेति बढ्ने देखिएको छ । जिल्लाभर ३ हजार ६ हेक्टरमा स्याउ खेति भइरहेको छ । नयाँ नयाँ जातको स्याउ लगाउने परिपाटी बसेकोले उत्पादनमा गिरावट आइरहेको बताउँदै यो वर्ष निकै अनुकूल देखिएको छ । जिल्लाभर ९ सय हेक्टरको स्याउले फल दिन्छ । स्याउ किसानका लागि जुम्लामा १० वटा जालिघरसँगै ५० प्रतिशत अनुदानमा उपकरण दिने गरिएको छ । स्याउ किसान यो वर्ष निकै खुसी देखिने गरेको उनले बताए । नागरिकबाट


## बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा कर्णाली प्रदेशबाट सूचिकरण भएको www. missionenews.com डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक (ख) बर्गमा वर्गिकृत पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्रीउत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com



**बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित**
मिसन न्यूज
News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

**सम्पादक** : पवित्र शाही, **प्रवन्ध सम्पादक** : निर्मला शाही, **समाचारदाता** : लिलाराज संज्याल, **कार्यालय** : खाँडाचक्र न.पा.-१ कालिकोट , **फोन नं.** - ०८७-४४०२४२, ९८४८०४९४५५ ,९८६८३१५३५३ , **इमेल** : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com ,**मुद्रणः** ईश्वर अफसेट प्रेस खाँडाचक्र-१, कालिकोट